# Soaltee Hotel Limited

★ ★ ★ ★ ★

## आर्थिक वर्ष २०७८/०७९ को प्रथम त्रैमासिक अवधिको प्रतिवेदन

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) संग सम्बन्धित

अनुसूची – १४

सोल्टी होटल लिमिटेडको २०७८ आश्विन मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०७८/०७९ को प्रथम त्रैमासिक अवधिको लेखापरीक्षण नभएको (अपरिस्कृत) प्रतिवेदनः

### १. वित्तीय विवरण

(क) आर्थिक वर्ष २०७८/०७९ को प्रथम त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्बन्धी विवरण :–
आर्थिक वर्ष २०७८/०७९ अन्तर्गत कम्पनीको ३० सेप्टेम्बर २०२१ मा समाप्त (१६ जुलाई २०२१ देखि ३० सेप्टेम्बर २०२१ सम्म)मा समाप्त प्रथम त्रैमासिक अवधिको बैधानिक लेखापरीक्षण हुनु पूर्वका (अन्तिम लेखापरीक्षण हुन बांकी) तुलनात्मक वित्तीय विवरणहरु अनुसूची १ मा प्रस्तुत गरिएकोछ ।
प्रथम त्रैमासिक समीक्षा अवधिमा सम्बन्धित पक्षहरु बीच होटेलको नियमित व्यावसायिक कारोवार बाहेक अन्य कुनै कारोवार नभएको ।

(ख) आर्थिक वर्ष २०७८/०७९ को प्रथम त्रैमासिक अवधि, (३० सेप्टेम्बर २०२१) मा समाप्त भएको अवधिको लेखापरीक्षण नभएको प्रमुख वित्तीय अनुपातहरु :–

| विवरण | प्रथम त्रैमासिक अवधि ३० सेप्टेम्बर २०२१ को अन्त्यमा (लेखापरीक्षण नभएको) | अघिल्लो त्रैमासिक अवधि १५ जुलाई २०२१ को अन्त्यमा | गत बर्षको त्रैमासिक अवधि ३० सेप्टेम्बर २०२० को अन्त्यमा (लेखापरीक्षण नभएको) |
|---|---|---|---|
| प्रमुख वित्तीय सूचांकहरुः | | | |
| ऋण पूंजीको अनुपात | ०.१२ | ०.०७ | ०.०१ |
| शेयरधनीको शेयर पूंजी कोषको प्रतिफल | (०.०२) | (०.१६) | (०.०५) |
| प्रति शेयर आम्दानी (रु.) | (०.२५) | (२.६७) | (०.९४) |
| प्रति शेयर नेटवर्थ (रु.) | १६.७५ | १७.०० | १८.६४ |
| प्रति शेयर कुल सम्पत्तिको मूल्य (रु.) | २४.६६ | २६.०६ | २६.१६ |
| प्रति शेयर बजार मूल्य (रु. १०/– प्रति शेयर) (रु.) | २२६.९० | २६२.०० | १८५.०० |
| प्राईस अर्निङ्ग रेसियो (टाईम्स) | (९०३.२४) | (९८.१४) | (१९६.५२) |
| चालु अनुपात | ०.४७ | ०.६२ | १.२८ |

### २. व्यवस्थापकीय विश्लेषण

(क) आर्थिक वर्ष २०७८/०७९ को प्रथम त्रैमासिकको समीक्षा अवधि २०७८ श्रावण, भाद्र तथा आश्विन तीन महिना होटेलका व्यावसायीक गतिबिधि तथा क्रियाकलापहरु कोभिड–१९ को संक्रमण त्रास विच सामान्य रुपमा संचालन भए । होटेलको कुल व्यावसायीक आम्दानी अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा उल्लेख्य बृद्धि भएको छ ।

कम्पनीले मिति २०७८ बैशाख ३१ गते तद्नुसार १४ मे २०२१ देखि सोल्टी होटेललाई आफ्नो ख्याती तथा प्रशिद्धी प्राप्त सोल्टी ब्राण्ड "दी सोल्टी काठमाण्डौ" को नामबाट व्यावसायीक दक्षता तथा कुशलतापूर्वक संचालन तथा व्यवस्थापन गरी रहेकोछ ।

त्यसै गरी कम्पनीको स्वामित्वमा सञ्चालित नेपालको एक मात्र ख्याती प्राप्त अन्तर्राष्ट्रिय स्तरको एयरलाइन्स इन्फ्लाइट क्याटरिङ डिभिजनको सेवालाई मिति २०७८ आषाढ २७ गते (सन् ११ जुलाई २०२१) देखि विश्वबिख्यात इन्फ्लाइट केटरिङ सेवा प्रदायक गेट गुरमेट समूह Gate Gourmet Switzerland GmbH को प्राविधिक सहयोग सम्झौता अन्तर्गत "दी सोल्टी गेट गुरमेट" नाम र ब्राण्डबाट व्यावसायीक दक्षता तथा कुशलतापूर्वक संचालन तथा व्यवस्थापन गरी रहेकोछ ।

(ख) आर्थिक वर्ष २०७८/०७९ को प्रथम त्रैमासिकको समीक्षा अवधिको अन्त्यमा अर्थात ३० सेप्टेम्बर २०२१ सम्मका वित्तीय विवरणहरु अघिल्लो आर्थिक वर्षको सोही अवधिसंग तुलनात्मक रुपले विश्लेषण गर्दा कम्पनीको कुल आय आर्जनमा उल्लेख्य अभिबृद्धि भई समग्रमा लगभग १४०.८५ प्रतिशतले बृद्धि भएको छ । चालु आर्थिक बर्ष २०७८/०७९ को होटेलको ३० सेप्टेम्बर २०२१ सम्मका वित्तिय विवरण अनुसार समीक्षा अवधिका कार्यसम्पादनका सूचांकहरुलाई विश्लेषण गर्दा गत वर्ष सोही अवधिको तुलनामा आम्दानीमा महत्वपूर्ण बृद्धि भएको छ ।

यस अवधिमा पनि कम्पनीको संचालन तथा व्यवस्थापन नेतृत्वको कुशल र रणनीतिक व्यवस्थापन, प्रतिकुल परिस्थितिमा दृढताका साथ कार्यकुशलता प्रदर्शन गर्ने व्यवस्थापकीय निपूर्णता, व्यवसायीक दक्षता तथा क्षमता, कर्मचारीहरुको पूर्ण सहयोग र समर्थन कायमै रह्यो । तदनुरुप कम्पनीको खर्चहरुमा समेत पूर्णतः मितव्ययीता अपनाई सोमा व्यापक कटौति गरिएकोले चालु आर्थिक वर्ष २०७८/०७९ को प्रथम त्रैमासिक अवधिमा कम्पनीलाई हुन सक्ने अप्रत्याशित नोक्सानीलाई सकेसम्म न्यूनिकरण गर्दै सो सम्बन्धी सबै व्यावसायीक तथा रणनीतिक कार्यहरु गरियो र आगामी दिनहरुमा पनि यो प्रयासलाई निरन्तरता दिईनेछ ।

(ग) कम्पनीको व्यवस्थापकीय कार्यकुशलता तथा आपतकालिन र प्रतिकुल परिस्थितिमा काम गर्न सक्ने कार्यकौशलता र सुझबुझका साथ कार्यसम्पादन गर्ने रणनीतिक कार्यदक्षताका कारण कम्पनीको मौज्दात र तरलता सापेक्षिक औषत रह्यो ।

(घ) आगामी आर्थिक वर्ष २०७८/७९ को दोश्रो त्रैमासिक अवधिमा कम्पनीको व्यावसायिक गतिविधिहरुको सन्दर्भमा विश्वव्यापी महामारीको रुपमा संक्रमण भई फैलिरहेको कोरोनाभाईरस कोभिड–१९ का श्रृंखलाबद्ध परिवर्तित लहरको संक्रमणलाई आंकलन गर्न नसकिने अवस्था रहेतापनि खोपको व्यापकताको कारण विश्व तथा नेपालको पर्यटनमा सापेक्ष रुपमा संक्रमणको प्रभाव कम हुंदै जाने अपेक्षा गरिएकोछ । सोही अनुमान अनुसार, यस अवधिमा कम्पनीको व्यावसायिक गतिविधिहरुको सन्दर्भमा कम्पनीको कुल आय बृद्धि गर्नका लागि अपनाउनु पर्ने सबै व्यावसायीक रणनीतिक संयन्त्रहरुको समुचित सदुपयोग गरी होटेलको अक्यूपेन्सी बढाउने, उपलब्ध अत्याधुनिक प्रविधिका साधनहरुको प्रयोग लगायतका सबै उपायहरु अवलम्बन गरी आम्दानी अभिबृद्धि गर्नेछ भने होटेल संचालन लागतमा मितव्ययीता, नियन्त्रणात्मक कार्य योजना अनावश्यक खर्च कटौतिलाई जारी राख्दै विविध बजारखण्डमा सूक्ष्म प्रवेश गर्दै आफ्ना व्यावसायिक गतिविधिहरुको कुशलतापूर्वक संचालन जारी राख्नेछ ।

(ङ) समीक्षा अवधिमा कोरोनाभाईरस कोभिड–१९ संक्रमणका कारण नेपालका अन्तर्राष्ट्रिय हवाई सेवाहरुले हवाई उडानका गतिबिधिहरुलाई नियन्त्रित रुपमा संचालन गरे । होटेलमा पर्यटक आगमनको न्यूनता कायमै रह्यो । आगामी त्रैमासिक अवधिमा कोरोनाभाईरस कोभिड–१९ विरुद्धको खोपको व्यापकताका कारण त्यसको संक्रमणको प्रभाव कम हुने अपेक्षा गरिएको छ र सोही अनुसार बजार बिस्तार तथा विश्व पर्यटन बजारका विभिन्न खण्डहरुमा होटेलको पहुच सुनिश्चित गरिनेछ ।

साथै, उल्लेखित प्रथम त्रैमासिक अवधिका वित्तीय विवरणहरु अन्तर्गत नाफा वा नोक्सानको विवरणको कर्मचारी सुविधा खर्च (Employee Benefit Expenses) शिर्षकमा कम्पनीका स्वेच्छाले अवकाश लिएका कर्मचारीहरुको अवकाश सम्बन्धी सुविधाहरुको अन्तिममा पाउने अवकाश भुक्तानी खर्च समेत समावेश रहेको छ जसले कम्पनीको भावी वित्तीय अवस्थालाई सुदृढीकरण गर्न सघाउनेछ ।

कम्पनीले समीक्षा प्रथम त्रैमासिक अवधिमा व्यवस्थापकीय कार्यकुशलता सहित अधिकतम मितव्ययिता अपनाउदै व्यवसायमा आईपर्ने कुनै पनि प्रतिकुल परिस्थितिहरुबाट पर्नसक्ने प्रभावलाई अधिकतम रुपमा न्यूनिकरण गर्दै कुशल व्यवस्थापकीय रणनितिका साथ व्यवसायको सुक्ष्म व्यवस्थापनका साथै कम्पनीमा हुन सक्ने नोक्सानीलाई न्यूनीकरण गर्ने नितिलाई कठोरताका साथ पालना गरि रहेकोछ । साथै, आगामी दोश्रो त्रैमासिक अवधिमा पनि यो नितिलाई कायम राख्दै सापेक्षरुपमा सो अवधिको होटेलको आम्दानीको न्यूनतालाई समेत दृष्टिगत गर्दै सोहि अनुकुल खर्चलाई मितव्ययीता अपनाउँदै पूर्णतः नियन्त्रणात्मक गतिबिधिहरु तर्फ कडाईका साथ लागु गर्ने तर्फ उन्मूख रहदै, शसक्त व्यवस्थापकीय दक्षताका साथ उचित पाईला चाल्दै कम्पनीलाई व्यावसायिक नोक्सानीबाट बचाउने तर्फ पूर्ण ध्यान केन्द्रित गर्नेछ ।

### ३. कानुनी कारवाही सम्बन्धी विवरण

(क) आर्थिक वर्ष २०७८/०७९ को प्रथम त्रैमासिक अवधिमा कम्पनीले होटलका पूर्व संचालक (व्यवस्थापक) हलिडे इन्स (चाईना) लिमिटेड (विपक्षी) संगको विवादमा मध्यस्थ नियुक्ति गर्ने र विपक्षीले अदालतबाट विवादको टुंगो लागनु अगावै मुख्य मध्यस्थ नियुक्त गर्ने, गराउने तथा मध्यस्थताको कारवाही अगाडि बढाउने कार्य रोक्न अन्तरीम आदेश जारी गरी पाउन सम्मानित उच्च अदालत पाटनमा मुद्दा दायर गरेको छ, जसमा सम्मानित अदालतबाट अल्पकालिन अन्तरीम आदेश समेत भएको छ । त्यसै गरी कम्पनीले सामाजिक सुरक्षा कोषको आश्रित परिवार सुरक्षा योजना अन्तर्गतको सुविधा भुक्तानी सम्बन्धी निर्णय/आदेश उपर सम्मानित उच्च अदालत पाटनमा मुद्दा दायर गरेको छ ।

(ख) आर्थिक वर्ष २०७८/०७९ को प्रथम त्रैमासिक अवधिमा कम्पनीका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन ।

(ग) आर्थिक वर्ष २०७८/०७९ को प्रथम त्रैमासिक अवधिमा कम्पनीलाई कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

### ४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण

(क) शेयरको कारोबारमा हुने उतार चढाव खुल्ला बजारले प्रतिपादित गरेको मूल्य र मान्यता अनुरुप निर्देशित हुने गरेकोछ । शेयरको कारोबार सम्बन्धी विषयमा व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

(ख) कम्पनीको आर्थिक वर्ष २०७८/०७९ को आश्विन मसान्त २०७८ मा अन्त्य भएको प्रथम त्रैमासिक अवधिमा प्रति शेयर रु. १०/– का दरको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबार संख्या देहाय बमोजिम रहेको छः–

| त्रैमासिक आ.व. २०७८/७९ (२०२१/२२) | शेयरको कारोबार – मूल्य (रु.) | | | कूल शेयरको कारोबार – दिन र संख्या | | |
|---|---|---|---|---|---|---|
| | अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार भएको कूल दिन | कारोबार संख्या | कूल कारोबार शेयर संख्या |
| प्रथम त्रैमासिक (२०७८ आश्विन मसान्त) | ३१२/– | २२०/१० | २२६/९० | ५७ | १९,३५१ | ४,९१६,८२४ |

## ५. समस्या तथा चुनौती

**(क) समस्याहरु: तथा चुनौतीहरु:**

**आन्तरिक**

(१) यस कम्पनीमा आन्तरिक समस्या नरहेको ।

**बाह्य:**

(१) विश्वव्यापी रुपमा तिब्रतर गतिमा संक्रमण सहित फैलिरहेको कोरोनाभाईरस (कोभिड १९) को प्रतिकुल प्रभाव ।
(२) अप्रत्याशितरुपमा घटने पर्यटन प्रतिकूलताका राष्ट्रिय र अन्तर्राष्ट्रिय घटनाहरुको प्रभाव ।
(३) देशमा पर्यटन सम्बन्धी पर्याप्त भौतिक पूर्वाधारहरुको विकासको कमीबाट पर्ने नकारात्मक प्रभाव ।
(४) पर्यटकहरुको सुरक्षा, देशको आर्थिक र राजनैतिक अवस्था तथा सम्बन्धित बजार मुलुकहरुबाट जारी गरिने यात्रा प्रतिकूलता सम्बन्धी निर्देशनहरुबाट पर्ने प्रभावहरु ।
(५) विदेशी विनिमय दरमा (अमेरिकी डलर र यूरो) हुने अप्रत्याशित परिवर्तन ।
(६) उर्जा, बिद्युत, इन्धन तथा तत्सम्बन्धी औद्यौगिक पदार्थमा हुने अप्रत्याशित उच्च मूल्य वृद्धि तथा उपभोग्य पदार्थको मूल्यबृद्धि र श्रम समस्याहरुबाट पर्ने प्रत्यक्ष र अप्रत्यक्ष प्रभावहरु ।
(७) नयाँ होटेलहरुको संचालन पश्चात देखा परेको र पर्न सक्ने बढ्दो होटेल कोठा आपूर्ति तथा पर्यटन बजारको मागमा आएको उच्च असन्तुलनबाट व्यवसायमा पर्न सक्ने प्रभाव ।
(८) पर्यटन उद्योगमा देखापर्ने औद्योगिक अशान्ति, अप्रत्याशित रुपमा हुने बन्द हडताल, आन्तरिक पर्यटन प्रवर्द्धनको कमी तथा सर्वसुलभ पर्यटकीय सार्वजनिक यातायातको अभाव तथा अन्तर्राष्ट्रिय हवाई सिट क्षमतामा न्युनताबाट पर्ने प्रत्यक्ष र अप्रत्यक्ष प्रभावहरु ।
(९) देशमा अचानक आइपर्ने असहज परिस्थितिहरु, प्राकृतिक तथा दैवी विपदा तथा प्रकोपहरुको प्रभाव ।

**(ख) रणनिति**

कोरोनाभाईरस कोभिड-१९ महामारी जस्तो दैवी प्रकोपको कारण निम्तिने अप्रत्याशित अनिश्चितता तथा सोको संक्रमण रोकथामको लागि जारी गरने बन्दाबन्दीबाट पर्ने प्रतिकुल परिस्थितिमा होटेल संचालन सम्बन्धी व्यावसायिक गतिविधीहरु अत्यन्त न्यून हुनसक्ने अवस्थामा समेत कम्पनीले न्युनतम संचालन खर्चमा होटेललाई संचालन गर्दै होटेलका पूर्वाधार संरचना र सुविधाहरुलाई पूर्ण क्रियाशिल राख्दै कुल संचालन खर्च घटाउनको लागि अपनाउनु पर्ने सबै व्यवसायीक रणनितिक, नीतिगत तथा व्यवसायीक कार्यकुशलतालाई पूर्ण क्षमतामा प्रयोग गर्दै कम्पनीका सबै संयन्त्रहरुको समुचित सदुपयोग गर्दै होटेलको संचालन तथा व्यवस्थापन न्यूनतम खर्चमा गर्ने, कर्मचारी तथा सो संग सम्बन्धित खर्चको मितव्ययीता गर्ने लगायत अन्य अनावश्यक खर्चहरुलाई समेत कटौति गर्ने र होटेललाई प्रतिकुल परिस्थितिमा पनि अनुकुल बातावरण बनाई आय आर्जनमा अभिबृद्धि गर्ने कार्ययोजनालाई उच्च प्राथमिकता दिईएकोछ ।

## ६. संस्थागत सुशासन

**संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापन द्वारा चालिएका कदम सम्बन्धी विवरण**

(क) कम्पनीको लेखापरीक्षण समितिले स्वतन्त्र आन्तरिक तथा बाह्य लेखा तथा व्यवस्थापकीय प्रतिवेदनहरुको त्रैमासिक पुनरावलोकन एवं समीक्षा गर्दै आवश्यक सुझाव सहित प्रतिवेदनमा उल्लेखित सिफारिशहरुको परिपालना भए नभएको अनुगमन समेत गर्दछ । लेखापरीक्षण समितिले कम्पनीको संचालक समिति समक्ष नियमित रुपमा प्रतिवेदन पेश गर्ने गर्दछ र यस सम्बन्धमा कम्पनीको संचालक समितिले समेत आवश्यक निर्देशन दिने गर्दछ ।
(ख) कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली अन्तर्गत होटेलको आफ्नै आन्तरिक लेखापरीक्षण विभाग समेत कार्यरत रहेको छ ।
(ग) कम्पनीको आन्तरिक लेखापरीक्षण छुट्टै स्वतन्त्र आन्तरिक लेखापरीक्षकबाट गरिन्छ जसले त्रैमासिक आन्तरिक लेखापरीक्षण प्रतिवेदन लेखापरीक्षण समिति समक्ष पेश गर्ने गर्दछ ।
(घ) कम्पनीले नियमनकारी निकायद्वारा जारी गरिएका नियम, विनियम र निर्देशनहरुको पूर्ण परिपालना सहित अन्य प्रचलित ऐन तथा कानून बमोजिम पुरा गर्नु पर्ने मापदण्डहरुको पूर्ण पालना गर्दछ ।

## ७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

अनुसूची १

# SOALTEE HOTEL LIMITED

## UNAUDITED FINANCIAL RESULTS

## AT THE END OF 30 SEPTEMBER 2021, FIRST QUARTER OF THE FISCAL YEAR 2078/079 (2021/22)

| PARTICULARS | Up to This Quarter ending on 30 September, 2021 (Unaudited) | Up to this Quarter ending on 15 July 2021 | Corresponding Previous year Quarter ending on 30 September 2020 (Unaudited) |
|---|---|---|---|
| **STATEMENT OF FINANCIAL POSITION AS AT 30 SEPTEMBER 2021** | | | |
| **ASSETS** | | | |
| **Non-Current Assets** | | | |
| Property, Plant and Equipment | 1,436,552,913 | 1,433,176,369 | 1,396,838,694 |
| Intangible Assets | 1,033,856 | 1,206,338 | 1,861,856 |
| Investment Property | 90,743,782 | 91,155,741 | 92,722,782 |
| Deferred Tax Assets | 1,141,316 | 1,141,316 | 47,727,486 |
| Investments | 283,895,258 | 283,895,258 | 283,898,980 |
| Trade and Other Receivables | 42,252,137 | 36,273,481 | 43,782,784 |
| **Total Non-Current Assets** | **1,855,619,262** | **1,846,848,503** | **1,866,832,582** |
| **Current Assets** | | | |
| Inventories | 71,464,187 | 74,131,505 | 67,104,033 |
| Income Tax Receivable | 27,333,790 | 27,323,287 | 17,955,853 |
| Trade and Other Receivables | 107,779,286 | 208,954,681 | 166,712,845 |
| Prepayments | 8,297,448 | 9,898,982 | 3,120,354 |
| Cash and Cash Equivalent | 7,570,046 | 28,690,691 | 82,557,903 |
| **Total Current Assets** | **222,444,757** | **348,999,146** | **337,450,988** |
| **Total Assets** | **2,078,064,019** | **2,195,847,649** | **2,204,283,570** |
| **EQUITY AND LIABILITIES** | | | |
| **Equity and Reserves and Surplus** | | | |
| Share Capital | 842,579,730 | 842,579,730 | 842,579,730 |
| Retained Earnings and Reserves | 568,498,478 | 589,664,089 | 727,887,776 |
| **Total Equity** | **1,411,078,208** | **1,432,243,819** | **1,570,467,506** |
| **Liabilities** | | | |
| **Non-Current Liabilities** | | | |
| Loans and Borrowings | 10,834,750 | 1,124,779 | 2,434,340 |
| Employee Benefits | 150,287,477 | 172,307,353 | 342,764,856 |
| Trade and other payables | 29,242,214 | 28,808,705 | 25,540,990 |
| **Total Non-Current Liabilities** | **190,364,441** | **202,240,837** | **370,740,186** |
| **Current Liabilities** | | | |
| Loans and Borrowings | 157,222,502 | 94,579,504 | 1,223,356 |
| Employee Benefits | 9,093,904 | 9,881,025 | 32,573,604 |
| Trade and other payables | 310,304,964 | 456,902,464 | 229,278,918 |
| **Total Current Liabilities** | **476,621,370** | **561,362,993** | **263,075,878** |
| **Total Liabilities** | **666,985,811** | **763,603,830** | **633,816,064** |
| **Total Equity and Liabilities** | **2,078,064,019** | **2,195,847,649** | **2,204,283,570** |
| **STATEMENT OF PROFIT OR LOSS FOR THE PERIOD ENDED ON 30 SEPTEMBER 2021** | | | |
| Revenue | 123,678,522 | 453,926,589 | 51,350,447 |
| **Total Revenue** | **123,678,522** | **453,926,589** | **51,350,447** |
| Consumption of Food and Beverages | 32,134,934 | 123,890,975 | 15,609,100 |
| Employee Benefit Expenses (Refer **Note***) | 50,538,312* | 213,983,858 | 68,009,803 |
| Operating Expenses | 22,545,183 | 94,894,586 | 17,860,923 |
| Depreciation and amortization expenses | 23,314,129 | 93,995,245 | 21,449,295 |
| Administrative & Other Expenses | 15,306,432 | 99,654,701 | 7,628,762 |
| **Total Expenses** | **143,838,990** | **626,419,365** | **130,557,883** |
| **Profit/(Loss) from Operation** | **(20,160,468)** | **(172,492,776)** | **(79,207,436)** |
| Finance Cost | 1,005,768 | 2,871,584 | 110,337 |
| **Profit/(Loss) Before Taxes** | **(21,166,236)** | **(175,364,360)** | **(79,317,773)** |
| Provision for Tax | - | - | - |
| Deferred Tax Expenses | - | 49,569,138 | - |
| **Net Profit/(Loss) After Tax** | **(21,166,236)** | **(224,933,498)** | **(79,317,773)** |

**Note: * Employee Benefit Expenses includes Incentive Exit Scheme amounting to Rs. 13,442,190.**